# स्थानीय राजपत्र

## ज्वालामूखी गाउँपालिकाद्वारा प्रकाशित

खण्डः ३ | संख्या : १ | मितिः २०७६।०३।०५


**भागः २**

## ज्वालामूखी गाउँपालिकाको ज्येष्ठ नागरिक परिचय-पत्र वितरण निर्देशिका, २०७६

**परिचय :**

ज्येष्ठ नागरिकहरुलाई संरक्षण र सामाजिक सुरक्षा प्रदान गर्न तथा निजहरुमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गरी निजहरुप्रति श्रद्ध आदर तथा सद्भाव अभिवृद्धि गर्नुका साथै राज्यद्वारा तोकिएको सेवा सुविधाको उचित व्यवस्थापन गर्न वान्छनीय भएकोले नेपालको संविधान २०७२ को अनुसूची-८ को क्र.सं. १६ बमोजिमका सेवा सुविधा प्रदान गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छ ३, दफा (११) उपदफा त (२) ले दिएको अधिकार प्रयोग गरि ज्वालामूखी

गाउँकार्यपालिको १९ औं बैठक बाट यो ज्येष्ठ नागरिक परिचय-पत्रवितरण निर्देशिका २०७६ कार्यान्वयनमा ल्याईएको छ ।

१. **परिचय-पत्र वितरणका आधार :**

नेपालको संविधान २०७२ को धारा ४१ मा उल्लेख भएबमोजिम ज्येष नागरिकको हक तथा ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १५ अनुसार ज्येष्ठ नागरिकहरुलाई परिचय पत्र दिने व्यवस्था लगायत ज्येष्ठ नागरिक परिचय-पत्र वितरणका आधार हुनेछन्।

२. **उद्देश्य :**

क) ज्येष्ठ नागरिकहरुको पहिचान गरि गाउँपालिका र वडाहरुमा ज्येष्ठ नागरिकहरुको लगत राख्ने ।

ख) नेपालको संविधान अनुसार प्रदत्त ज्येष्ठ नागरिकहरुको हक अधिक सुनिश्चित गर्न र ज्येष्ठ नागरिकको वर्गीकरण अनुसार सार्वजनि सवारी साधन, सार्वजनिक कार्य, स्वास्थ्य सेवा, धार्मिक तथा सार्वजनिक स्थलमा ज्येष्ठ नागरिकलाईआवश्यक सेवा, सुविधा र सहयोग सरल रुपमा प्रदान गर्ने ।

ग) प्रचलित ऐन, नियमअनुसार ज्येष्ठ नागरिकहरुलाई सामाजिक सुरक्षा, न्याय,. अधिकार र समानता प्रदान गरी निजहरुमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गरी विकास प्रक्रियामा सहभागी गराउने ।

३. **लक्षित वर्ग :**

ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ ले परिभाषित गरे अनुसारका साठी वर्ष उमेर पुरा गरेका सबै नेपाली नागरिकहरु यसमा सहभागी हुन पाउने छन् ।

४. **ज्येष्ठ नागरिकको वर्गीकरण :**

ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १४ को उपनियम

(१) बमोजिम ज्येष्ठ नागरिकहरुको वर्गीकरण देहायवमोजिम गरिएको छ :

(क) ६० वर्ष पुरा भै सत्तरी वर्ष उमेर पूरा नगरेको ज्येष्ठ नागरिक,

(ख) सत्तरी वर्ष उमेर पूरा गरेको वरिष्ठ ज्येष्ठ नागरिक,

(ग) असहाय ज्येष्ठ नागरिक,

(घ) अशक्त ज्येष्ठ नागरिक,

(ङ) एकल ज्येष्ठ नागरिक ।

५. **परिचय-पत्र वितरणका मापदण्ड :**

ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १५ बमोजिम साठी वर्ष उमेर पुगेको नेपाली नागरिकलाई मात्र ज्येष्ठ नागरिक-पत्रपरिचय प्रदान गर्न सकिनेछ ।

६. **ज्येष्ठ नागरिक परिचय-पत्रको ढाँचाः**

ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को अनुसूची ३ बमोजिमको ढाँचालाई नै आधार मानी ज्येष्ठ नागरिक परिचय-पत्रको ढाँचा यस निर्देशिकाको अनुसूची बमोजिमको१ हुनेछ । ज्येष्ठ नागरिक -पत्रकोरिचय आकार (क्ष्शभ) नेपाली नागरिकताको प्रमाण-पत्र वा सो भन्दा केही ठुलो आकारको हुनेछ ।

७. **परिचय-पत्र वितरण प्रक्रिया :**

(क) ज्येष्ठ नागरिक परिचय-पत्र प्राप्त गर्न साठी वर्ष उमेर पुगेको ज्येष्ठ नागरिक स्वयं वा निजको संरक्षकले सम्बन्धित स्थानीय तहका प्रमुख समक्ष अनुसुची २ बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ ।

(ख) निवेदनमा आफ्नो उमेर खुलेको नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि र दुई प्रति अटो साइजको फोटो संलग्न हुनुपर्नेछ ।

यस प्रयोजनको लागि नागरिकताको प्रमाण-पत्र लाई आधार मानिनेछ ।

ग) ज्येष्ठ नागरिक परिचय-पत्र प्रदान गर्ने अधिकारी स्थानीय तहको प्रशासकीय प्रमुख वा निजले तोकेको अधिकृत कर्मचारी हुनेछ ।

घ) परिचय-पत्र प्राप्त ज्येष्ठ नागरिकहरूको लगत तोकिए बमोजिमको सफ्टवेयरमा कम्प्युटराइज गरी गाउँपालिकाको कार्यालयमा राखी वार्षिक रूपमा प्रदेश र संघको सम्बन्धित मन्त्रालयमा जानकारी गराईनेछ ।

ङ) ज्येष्ठ नागरिक परिचय-पत्र हराएको कारणले प्रतिलिपि लिन परेमा सम्बन्धित प्रहरी कार्यालयको सिफारिश वा वडाको सिफारिश सहित सम्बन्धित स्थानीय तहमा निवेदन पेश गर्नुपर्ने छ ।

८. **विविध :**

(क) आवश्यकताका आधारमा ज्येष्ठ नागरिक परिचय-पत्र वितरणका लागि ज्वालामूखी गाउँपालिकाले कार्यविधि निर्धारण गर्नेछ ।

(ख) ज्येष्ठ नागरिक परिचय-पत्र वितरण सम्बन्धमा माथि उल्लिखित व्यवस्था बाहेक प्रचलित कानुनको अधीनमा रही गाउँकार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ ।

(ग) यो कार्ड निशुल्क रुपमा उपलब्ध हुनेछ ।

**अनुसूची १**

## ज्येष्ठ नागरिक परिचय-पत्र

प.प. नं -:

नाम थर : ..........................................

फोटो

ना.प्र.न. : ..........

ठेगाना : जिल्ला ........................गा.पा. ⁄ न.पा. : ...........................

वडा नं. : ............ टोल ⁄ गाऊँ : .....

उमेर : ........... लिङ्ग : ...........

उपलब्ध छुट तथा सुविधाहरु : ...................................

पति ⁄ पत्नीको नाम : .........................................................

हेरचाह केन्द्रमा बसेको भए सोको विवरण :

..........................................................

संरक्षकको नाम, थर, सम्पर्क ठेगाना, मोवाइल नं. :

...........................................................................................

रक्त समूह र रोग भए रोगको नाम र सेवन गरिएको औषधिको नाम :

..........................................................................................

प्रमाणित गर्ने अधिकृतको :

दस्तखत :

नाम थर :

पद :

कार्यालय :

**अनुसूचि २**

**निवेदनको ढाँचा**

**मितिः**-२०७...../....../............

**श्री प्रमूख प्रशासकीय अधिकृत ज्यु**

**ज्वालामूखी गाउँपालिका**

साधभञ्ज्याङ, धादिङ

प्रदेश नं. ३, नेपाल

**बिषय :- जेष्ठ नागरिक परिचय पत्र उपलब्ध गराई पाउँ ।**

**महोदय,**

उपरोक्त सम्बन्धमा नेपालको संविधान २०७२ तथा स्थानीय शासन सञ्चालन ऐन २०७४ बमोजिम ज्येष्ठ नागरिक लाई सरल र सहज रुपमा सेवा प्रदान गर्ने उद्येश्य का साथ जेष्ठ नागरिक परिचपत्र उपलब्ध गराउने व्यवस्था भएको जानकारी प्राप्त भएको तथा मेरो उमेर नेपाली ना.प्र.प. बमोजिम ६० बर्ष पुरा भैसकेकोले ज्येष्ठ नागरिक परिचय-पत्र वितरण निर्देशिका बमोजिम मलाई जेष्ठ नागरिक परिचय पत्र उपलब्ध गराई दिनुहुन अनुरोध गर्दछु ।

**निबेदक**

———

नाम थर : ..........................................................................

दस्तखत : ..................................

ना.प्र.न. : .................................................................

ठेगाना : ज्वालामूखी गाउँपालिका वडा नं : .............., धादिङ

टोल : ..................................

जन्म मिति : ........................./............./.............

उमेर : ...................... लिङ्ग : ...............................

रक्त समूह :............................

सम्पर्क व्यक्तिको नाम थर : ...................................

संरक्षकको नाम थर :.............................................

सम्पर्क नं. : ........................................................

औठाछाँप

आज्ञाले

**बद्रिनाथ लम्साल**

प्रमुख पशासकीय अधिकृत